# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


पत्र संख्याः- २०८२ / २०८३
च.नं.:- २२७८

**पशु विकाश सेवा कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना**
**सूचना नं २ -२०८२-२०८३ ( पशु सेवा)**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०२**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को **वागमित प्रदेश सरकारबाट** सशर्त अनुदानमा हस्तान्तरित पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र तपसिलका कार्यक्रमहरू कार्यान्वयनका लागि वागमति प्रदेश सरकारको "स्थानिय तहमा सशर्त अनुदान अन्तरगत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" मा तोकिएको मापदण्ड पुरा गरेका कृषक समुह/व्यवसायिक फार्म/उद्यमी/सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र (मिति २०८२/०९/२२ गते सम्म कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई अनुदान उपलब्ध गरिने छैन। विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-४९३७२१ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट रु. | संचालन प्रकृया | कैफियत |
|---|---|---|---|---|
| १ | मत्स्य पालन प्रवर्धन कार्यक्रम<br>भरतपुर-२३ | २५ लाख | वागमति प्रदेश सरकारको "स्थानिय तहमा सशर्त अनुदान अन्तरगत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" तथा प्रचलित कानुन अनुसार हुने। | |
| २ | ब्यवसायिक पशुपंछी फर्म सुदृढीकरण कार्यक्रम<br>भरतपुर-१६ | १० लाख | वागमति प्रदेश सरकारको "स्थानिय तहमा सशर्त अनुदान अन्तरगत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" तथा प्रचलित कानुन अनुसार हुने। | |
| ३ | दुग्ध उत्पादन सम्वन्धि उपकरण सहयोग<br>भरतपुर-८ | १० लाख | वागमति प्रदेश सरकारको "स्थानिय तहमा सशर्त अनुदान अन्तरगत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" तथा प्रचलित कानुन अनुसार हुने। | |

प्रमुख प्रशासकीय अधिकृत


056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np


CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:

१. सम्बन्धित निकायमा फर्म/ ब्यवसाय/ समूह/सहकारी उदेश्य खुलेको ब्यवसाय दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा वडा कार्यालयबाट प्रमाणित कम्तिमा ५ वर्षको संझौतानामा ।
३. कार्य समितिको निर्णयको प्रतिलिपी र संक्षिप्त कार्ययोजना
४. प्रदेश कार्यविधि, बमोजिम अनुसूचि-१ अनुसारको प्रतिवद्दता पत्र र अनुसुचि ६ बमोजिमको लाभग्रहि सदस्यहरुले २ वर्ष सम्म सोहि प्रकृतिको कार्यक्रम सहभागि नभएको सो-घोषण पत्र।
५. पान दर्ता/नविकरण तथा करचुक्ता भएको प्रमाणपत्र।
६. नेपाली नागरिकताको प्रमाणपत्र समुह/सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रमाणपत्र ।
७. आवेदन दस्तुर वापत रू. एक लाखसम्मको अनुदानमा रू. १००।-, रू एक लाख माथि रू. पाँच लाखसम्मको अनुदानमा रू. ३००।- र रू. पाँच लाखभन्दा माथिको अनुदानमा रू. ५००।- सम्बन्धित वडा कार्यालयमा नगद राजश्व तिरेको सक्कल रसिद ।
८. सम्वन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
९. १ वर्ष अगाडि फर्म / सस्था/ सहकारी/ कृषक समुह दर्ता भै पशुपंछि तथा मत्स्य पालन गरि रहेको।
१०. समुह/सहकारी संस्याको हकमा अन्य लाभग्रहि भए निर्णय सहितको सदस्यहरुको नामावली।
११. सहकारीको हकमा कोपोमिस प्रणालिमा बिस्तृत रिपोर्ट अध्यावधिक गरेको ।

..........
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner